
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क २०९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० साउन २६ गते शुक्रबार ❑ 11 Aug. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## बिजनेस नभएपछि गण्डकी प्रदेशसभा बैठक स्थगित

पोखरापत्र संवाददाता
पोखरा, २५ साउन

बिजनेस नभएपछि बिहीबार दिउँसो १:०० बजे बस्ने भनिएको गण्डकी प्रदेशसभा बैठक यही साउन २९ गतेसम्मका लागि स्थगन भएको छ। विशेष कारण जनाउँदै सूचना टाँसेर बैठक स्थगन गरिएको प्रदेशसभा सचिवालयले जनाएको छ।

बैठकको कार्यसूची तय गर्न बसेको कार्यव्यवस्था परामर्श समितिको बैठक बिनानिष्कर्ष टुङ्गिएको थियो । बिहीबार बस्ने बैठकमा विषयगत समिति गठनबारे छलफल हुने जनाइएपछि दलहरूको आन्तरिक तयारी नपुगेका कारण सो विषय थाँती रहेको नेकपा (एमाले) संसदीय दलका प्रमुख सचेतक गोविन्दबहादुर नेपालीले बताउनुभयो।

उहाँले तयारीबिनै प्रदेशसभा बैठकनिर्धारणगरिएकोरसरकारले बिजनेस दिन नसकेको धारणा राख्नुभयो । नेपाली कांग्रेसका प्रदेशसभा सदस्य विन्दुकुमार थापाले एमालेले विषयगत समितिमा रहने सदस्यको नामावली नबुझाएका कारण समिति गठनको प्रक्रिया लम्बिएको बताउनुभयो। कांग्रेस, नेकपा (माओवादी केन्द्र) र राप्रपाले भने समितिमा बस्ने सदस्यको नाम टुङ्ग्याइसकेका छन् । प्रदेशसभा सचिवालयका कानून अधिकृत कुमार रिजालले अब बस्ने प्रदेशसभा बैठकमा विषयगत समिति गठनको विषयले प्रवेश पाउने बताउनुभयो । सरकारले वन विधेयक पनि प्रदेशसभा सचिवालयमा दर्ता गरिसकेकाले आगामी बैठकमा पेस हुने जनाएको छ। प्रदेशसभाको दोस्रो कार्यकाल सुरु भएको सात महिना बितिसक्दा पनि विषयगत समिति अझै गठन हुनसकेको छैन।

प्रदेशसभा नियमावलीको प्रावधानअनुसार प्रदेशसभामा अर्थ तथा विकास, सार्वजनिक लेखा, प्रदेश मामिला तथा कानून र सामाजिक विकास तथा कृषि समिति गरी चार विषयगत समिति रहने प्रदेशसभा सचिवालयले जनाएको छ।

## पोखरामा आँखाको परीक्षण र औषधि निःशुल्क

पोखरापत्र संवाददाता
पोखरा, २५ साउन



आँखा पाक्ने रोगको सङ्क्रमण फैलिँदै जाँदा कास्कीको पोखराका अस्पतालले आँखाको परीक्षण र औषधि निःशुल्क प्रदान गर्न थालेका छन्।

पोखरा महानगरपालिकाको अग्रसरतामा यहाँका केही अस्पतालमा साउन मसान्तसम्मका लागि आँखा जाँच तथा औषधि वितरणको व्यवस्था गरिएको छ। महानगरपालिकाले पोखराको मणिपाल शिक्षण अस्पताल, चरक मेमोरियल हस्पिटल र हिमालय आँखा अस्पतालसँग निःशुल्क आँखा परीक्षण तथा औषधि वितरणसम्बन्धी समझदारी गरेको छ । मुलुकका विभिन्न भागमा फैलिरहेको आँखा पाक्ने रोगको सङ्क्रमण पोखरा महानगरपालिकाभित्र पनि बढिरहेकाले यसको सङ्क्रमण चक्रलाई रोक्ने उद्देश्यले निःशुल्क आँखा परीक्षण तथा औषधि वितरण सम्बन्धी समझदारी गरिएको महानगर प्रमुख धनराज आचार्यले बताउनुभयो । व्यावसायिक सामाजिक उत्तरदायित्वअन्तर्गत महानगरपालिकासँग सहकार्य गरी प्रभावित बिरामीको सहजताका लागि समझदारी गरिएको अस्पतालले जनाएका छन् । अस्पतालमा आजदेखि साउन मसान्तसम्म आँखा पाक्ने रोगको निःशुल्क परीक्षण र औषधिसमेत वितरण गरिने छ। बिरामीलाई बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म सेवा प्रदान गरिने छ। महानगरको आग्रहमा हिमालयन आँखा अस्पतालले सेवाका लागि टिकट निःशुल्क दिने भएको छ । आँखा समस्याका बिरामीका लागि निःशुल्क टिकटको व्यवस्था गरिएको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट प्रा डा इलिया श्रेष्ठले बताउनुभयो।

पोखरा महानगरले रोगको सङ्क्रमण नफैलियोस् भन्ने उद्देश्यले बुधबारदेखि शुक्रबारसम्म महानगर मातहतमा सम्पूर्ण विद्यालय तथा शिक्षण संस्थामा बिदा दिने निर्णय गरिसकेको छ । विद्यालय सङ्क्रमणको उच्च जोखिममा रहेकाले बन्द गरिएको महानगरको शिक्षा महाशाखाका प्रमुख हेमप्रसाद आचार्यले बताउनुभयो।

## पोखरामा नहरले बगाउँदा बालकहरुको ज्यान जाने क्रम रोकिएन

पोखरापत्र संवाददाता
पोखरा, २५ साउन

पोखरामा नहरले बगाउदा बालकहरुको ज्यान जाने क्रम रोकिएन्।

यही साउन पहिलो साता पोखरामा नहरले बगाउदा एक वालकको ज्यान गएको घटना सेलाउन नपाउदै पुनः दुई सातामा अर्को वालकको नहरले बगायर ज्यान गएको छ। पोखरा महानगरपालिका १७ स्थित पावर हाउसको नहरमा पौडी खेल्ने क्रममा नहरले बगायर १० वर्षीय सम्बोधन अधिकारीको ज्यान गएको प्रहरीले जनाएको छ । बिहीबार करिब मध्यान्हः १२:०० बजेको समयमा पावर हाउसको नहरमा डुबेर बेपत्ता भएका उनको करिब एक घण्टापछि भिरमा शव भेटिएको कास्कीका प्रहरी प्रवक्ता डि.एस.पी.श्रवण कुमार बि.क.ले बताए। पोखरा १७ का अधिकारीको शव पोष्टमाटमको लागि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको शव गृहमा राखिएको उनले जनाए।

बालक बेपत्ता भएको खबर भए लगत्तै स्थानिय, उद्धारका लागि खटिएको नेपाल प्रहरी, सशस्त्र प्रहरीको गोताखोर सहितको टोली जुटेको थियो। वडा कार्यालय र पोखरा महानगरले ध्यान नदिदा पटक पटक यसरी वालकहरु पौडी खेल्ने क्रममा वालकहरुको ज्यान जान थालेको स्थानिय बताउछन्।

यही साउन ६ गते शनिबार एक वालकको यसै गरी पौडी खेल्ने क्रममा पोखरामा नहरले बगायर ज्यान गएको थियो । पोखरा ८ बगालेटोलका विवेक कुंवरको पौडी खेल्ने क्रममा वेपत्ता भएका शनिबार बेलुका करिब ७ घण्टा पछि उनको शव भेटिएको थियो। पावर हाउसको नहर र फुर्सेखोला तथा दोविल्ला क्षेत्रको नहर तथा खोलामा बालकहरु मात्र नभई अन्य उमेर समुहका व्यक्तिहरु समेत पौडी खेल्ने क्रममा ज्यान जाने गरेको छ।

पोखरा १७ को जोखिमपूर्ण क्षेत्रमा साइन वोर्ड र तारवार हुनु आवश्यक भएको स्थानिय मधु पौडेलले माग गरिन्। केही साता अघि मात्र एक बालकको ज्यान गएको घटनाले जाृखिम क्षेत्रमा तत्काल तारवार लगाउने भन्ने वडाले स्थानिय सामु वचन दिए पनि सिमित श्रोत र साधनको कारण सबै क्षेत्रमा आफुहरुको ध्यान नपसगेको पोखरा १७ का वडा सदस्य शिवराम भण्डारीले बताए।

## स्याङ्जाको वालिङका विद्यालय बन्द

पोखरापत्र संवाददाता
स्याङजा, २५ साउन

स्याङ्जामा आँखा पाक्ने रोग फैलिएपछि वालिङ नगरपालिकाले विद्यालय बन्द गरेको छ।

आँखा पाक्ने रोगबाट बढि मात्रामा बालबालिका संक्रमित भएपछि चार दिनका लागि विद्यालय बन्द गरिएको हो। वालिङ नगरपालिकाका प्रमुख कृष्ण खाँणले विद्यार्थीहरुमा आँखा पाक्ने रोग फैलिएपछि विद्यालय बन्द गरिएको जानकारी दिए । वालिङमा रहेका आँखा उपचार केन्द्रमा आँखाको उपचार गराउन आउने बिरामीमध्ये ७० प्रतिशतमा सङ्क्रमण भएको उल्लेख गरे।

शुक्रबारबाट शुरु भएको विद्यालय आगामी सोमबारसम्म सामुदायिक तथा संस्थागत विद्यालयहरु बन्द रहने प्रमुख प्रशासकीय अधिकृत तेजराज शर्माले जानकारी दिए । संक्रमणलाई थप फैलिन नदिन विद्यालय बन्द गरिएको शर्माले बताए । जिल्ला आँखा उपचार केन्द्र वालिङका प्रमुख तेज गुरुङले आँखा पाक्ने समस्या लिएर आउने मध्ये धेरै बालबालिका रहेको बताए । गुरुङका अनुशार पछिल्लो दुई तीन दिनमा मात्रै आँखाका बिरामीको संख्या एक सयको हाराहारीमा रहेको छ। जसमा प्रायः सबै विद्यार्थीहरु रहेका छन् । आँखा पाक्ने रोग सरुवा रोग भएकाले विद्यालय बन्द गरेर भएपनि नियन्त्रणको प्रयास गरिएको नगरपालिकाले जनाएको छ । नगरपालिकाले विद्यार्थीहरुलाई घरमै बसेर रोग नियन्त्रणमा सहयोग पुऱ्याउन समेत आग्रह गरेको छ।

## विन्ध्यवासिनी मावि र मदरल्याण्ड मावि कास्की जिल्ला प्रथम

पोखरापत्र संवाददाता
पोखरा, २५ साउन

एसइइ परीक्षा २०७९ को नतिजा अनुसार सामुदायिक विद्यालय तर्फ विन्ध्यवासिनी मावि पोखरा १६ बाटुलेचौर कास्की जिल्ला प्रथम हुन सफल भएको छ।

५० जना भन्दा वढी परिक्षार्थी सहभागी भई एसइइमा प्राप्त औसत जिपिए नतिजा मुल्याङ्कनको आधारमा उत्कृष्ट नतिजा ल्याउने विद्यालयलाई उत्कृष्ट घोषणा गरिएको छ । कास्की जिल्लामा रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरु मध्य विन्ध्यवासिनी माविले ३.१७८ प्रतिशत जिपिए नतिजा प्राप्त गरेको आधारमा कास्की जिल्ला प्रथम घोषणा गरिएको छ। उक्त विद्यालयबाट २०७९ को एइइ ७९ जना विद्यार्थी सामेल भएको विधालयका प्र अ कृष्ण प्रसाद आचार्यले बताए। शैक्षिक गुणस्तर मापन केन्द्र प्रक्षेपण गरेको सर्वेक्षण क्याप्सुल रिपोर्ट २०७९ मा विन्ध्यवासिनी माबि पोखरा १६ देशभरका सामुदायिक विद्यालय मध्य सर्वोत्कृस्ट नतिजा ल्याउन सफल भएको थियो भने मानव स्रोत तथा शिक्षा बिभागले गरेको २०८० को मुल्याङ्कन नतिजामा विन्ध्यवासिनी मा बि देशभरबाट दोस्रो हुन पुगेको छ। फरक मापन परिधिबाट भएको उक्त मुल्याङ्कनमा बुटवलको कालिका मानव ज्ञान प्रथम भएको थियो। यस बर्षको एस इ इ नतिजामा अमरसिंह मा बि ले २३२ जना विद्यार्थी सामेल गराएकोमा ३.०७९ प्रतिशत जिपिए ल्याइ कास्की जिल्ला दोस्रो, १०७ जना विद्यार्थी सहभागी गराइ ३.०६५ प्रतिशत जिपिए ल्याइ सितलादेवी मावि तेस्रो र ७१ जना विद्यार्थी सामेल गराइ भुर्जुङखोलाको माछापुच्छ्रे माबि ले २.९५२ प्रतिशत जिपिए ल्याइ कास्कीमा चौथो स्थान हासिल गरेको छ । यस्तै सस्थागत विद्यालय तर्फ मदरल्याण्ड मावि मासबरले १५१ जना विद्यार्थी सामेल गराएकोमा ३.४७७ प्रतिशत जिपिए ल्याइ समग्रमा कास्की जिल्ला प्रथम भएकोछ। शिशुनिकेतन बोर्डिङ बिरौटा ३.४५९ प्रतिशत, गण्डकी बोर्डिङ लामाचौर ३.४१९ र केफ स्कुल सिम्पानी ३.३६२ प्रतिशत जिपिए ल्याई क्रमश कास्की जिल्ला दोस्रो, तेस्रो र चौथो भएको शिक्षा बिकाश तथा समन्वय इकाइ कास्कीले बताएको छ।

## कांग्रेस सांसद सुनिल शर्मा लगायत थप चार चिकित्सक पक्राउ

पोखरापत्र संवाददाता
पोखरा, २५ साउन

शैक्षिक योग्यताको प्रमाणपत्र कीर्ते गरेको कसूरमा प्रचलित कानून बमोजिम अनुसन्धान गर्नुपर्ने भएकाले उक्त कसूरमा संलग्न जिल्ला मोरङ, क्षेत्र नं ३ का नेपाली कांग्रेसका तर्फबाट प्रत्यक्षतर्फको निर्वाचित सांसद सुनिलकुमार शर्मा पक्राउ परेका छन्।

सिआइबीका अनुसार कतिपय चिकित्सकहरुले भारतीय नक्कली प्रमाणपत्र पेश गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको तथा काउन्सिलद्वारा सञ्चालन गर्ने दर्ता प्रमाणपत्र परीक्षामा सहभागी भएको पाइएकाले कानून बमोजिम गरी पाउँ भन्ने समेत व्यहोराको नेपाल मेडिकल काउन्सिल, बाँसबारीबाट सूचना प्राप्त भएको जनाइएको छ। यसैगरी नक्कली शैक्षिक प्रमाणपत्र प्रकरणमा थप चार जना चिकित्सक पक्राउ परेका छन् । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक किरण बज्राचार्यले सांसद सुनिलकुमार शर्मासहित पाँचजना पक्राउ परेको जानकारी दिनुभयो। उहाँका अनुसार पक्राउ पर्नेमा डा रामबाबु यादव, डा रञ्जित यादव, डा एलिना साह र डा अमित चौधरी रहेका छन् । उनीहरू विभिन्न अस्पताल तथा मेडिकल कलेजमा कार्यरत रहेका जनाइएको छ। अहिले पनि सिआइबीको अपरेशन जारी रहेको जनाइएको छ । यसअघि आज दिउँसो सिआइबीको टोलीले काठमाडौँको गल्फुटारबाट सांसद सुनिलकुमार शर्मालाई पक्राउ गरेको थियो । शर्मा पक्राउ परेको विषयमा सिआइबीले संसद् सचिवालयलाई दिउँसै जानकारी गराइसकेको छ।

कतिपय चिकित्सकहरूले भारतीय नक्कली प्रमाणपत्र पेस गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको तथा काउन्सिलद्वारा सञ्चालन गर्ने दर्ता प्रमाणपत्र परीक्षामा सहभागी भएको पाइएकाले आवश्यक अनुसन्धान गरी पाउँ भनेर काउन्सिलबाट आएको सूचनाका आधारमा प्रहरीले आज अपरेशन चलाएको थियो। उनीहरू सबैमाथि शैक्षिक प्रमाणपत्र कीर्तेमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

**सुक्तिसुधा**

समय विताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।
– सास लिभोसन

## सम्पादकीय

# संसद काम देऊ

कानुन बनाउने थलो संसद हो । संघीय संसद प्रतिनिधिसभा र राष्ट्रिय सभालाई सरकारले विधेयक दिएको छैन । केही विधेयक सरकारले दिए पनि समितिमा पुगेका छन । संसद अबरुद्ध हुँदा पनि संसदका समिति अबरुद्ध हुँदैनन् । संसदीय समिति गठन भए पनि सभापति चयन नहुँदा चलायमान हुन सकेका छैनन् । सत्तारूढ दलहरूले संसद्लाई सरकार गठन गर्ने, विश्वासको मत लिनका लागि मात्र हो भन्ने भान परेको छ । संघीय संसद भन्दा कमजोर अवस्था प्रदेश सभामा छासरकारले बिजनेस नदिएर ३३ दिनपछि गण्डकी प्रदेश पछि स्थगित भयो प्रदेश सभा ३३ दिनपछि बस्ने गरी गण्डकी प्रदेश सभा बिहीबारका लागि बोलाइएको थियो । तर, बिहीबार प्रदेश सभामा आवश्यक बिजनेस नभएपछि बिहीबार बोलाइएको बैठक नबसी स्थगित भएको हो । अर्को बैठक साउन २९ गतेका लागि डाकिएको छ । पछिल्लो पटक प्रदेश सभा असार २२ गते बसेको थियो ।

प्रदेश सभामा संसदीय समिति गठन हुने गरी प्रदेश सभा बैठक बोलाइएको थियो । तर, दलसँग संसदीय समितिमा सहमति मिल्न नसक्दा प्रदेश सभा बैठक नबसि स्थगित भएको छ । प्रदेशसभा गठन भएको महिनौं हुँदा पनि संसदीय समिति बन्न सकेका छैनन् । बिहीबारको बैठकमा समिति गठन गर्ने तयारी भए पनि दलबीच सहमति नहुँदा बैठक स्थगित भएको हो । गण्डकी प्रदेशसभा नियमावलीअनुसार चार वटा समिति हुने व्यवस्था छ । कांग्रेस र एमालेले समान दुई समितिको नेतृत्वमा दाबी गरेका छन् भने माओवादी केन्द्रले पनि कम्तिमा एक समितिको नेतृत्व पाउनैपर्ने अडान राखेको छ । गण्डकी प्रदेशसभा अर्थ तथा विकास समिति, सार्वजनिक लेखा समिति, प्रदेश मामिला तथा कानुन समिति र सामाजिक विकास र कृषि समिति बन्ने छन् । नेकपा एमाले संसदीय दल गण्डकीले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन र गाईवस्तुमा फैलिएको महामारी नियन्त्रणको माग गर्दै गण्डकी संसद सचिवालयमा जरुरी सार्वजनिक महत्वको प्रस्ताव दर्ता गराएको छ । बिहीबारबाट सुरु हुने भनिएको संसद बैठकमै छलफल गर्ने गरी एमालेले पोखराबाट अन्तर्राष्ट्रिय उडान थाल्न गण्डकी सरकारमार्फत ध्यानाकर्षण गराउन र गाईवस्तुमा देखिएको लम्पी स्किन नियमन्त्रणका लागि जरुरी सार्वजनिक महत्वको प्रस्ताव दर्ता गराएको छ ।

बिजनेस नभएपछि बिहीबार बोलाइएको बैठक भने २९ गतेसम्मका लागि स्थगित भएको छ । एमाले सचेतक देवका पहारीको प्रस्तावमा सांसद कृष्ण पाठक र यशोदा रिमालको समर्थनमा संसदमा पोखराबाट अन्तर्राष्ट्रिय उडान गर्नेबारे छलफल आवश्यक रहेको भन्दै प्रस्ताव दर्ता भएको छ । जग्गा अधिग्रहण भएको ४७ वर्षपछि सञ्चालनमा आएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान भएमात्र ऋणको किस्ता तिर्न सक्ने अवस्था आउने सचेतक पहारीको भनाइ छ । जनवरी १ मा उडान सुरु भएको विमानस्थलबाट अहिलेसम्म एकपटक चार्टर उडानबाहेक अन्तरिक उडानमात्रै हुँदै आएको छ । हालसम्म भारत हुँदै उडान बाहिरिने पाँच वटा रुट खुला भए पनि नेपाल भित्रिने केवल सिमराको एउटा मात्र रुट खुल्ला छ । नेपालले कम्तिमा पनि नेपालगञ्ज, महेन्द्रनगरबाट नेपाल प्रवेश गर्ने नयाँ रुट लिन सकेमा पश्चिम भारत र पश्चिमतिरबाट नेपाल आउने जहाजका लागि पोखरा अन्तरराष्ट्रिय बिमान स्थल उपयुक्त हुन्छ,' महत्वको प्रस्तावमा भनिएको छ । गाईवस्तुमा देखिएको लम्पी स्किन महामारी नियन्त्रण गर्न छलफल गर्नुपर्ने भन्दै जरुरी सार्वजनिक महत्त्वको अर्को प्रस्ताव पनि दर्ता गराएको छ ।

सांसद भीम कार्कीको प्रस्तावमा राप्रपाकी सचेतक विन्दु पौडेल र एमाले सांसद राजकुमारी भुजेलको समर्थनमा लम्पी स्किन रोग नियन्त्रणका लागि प्रस्ताव दर्ता भएको छ । लम्पी स्किन नियमन्त्रणका लागि प्रदेश सरकारलाई प्रभावकारी बनाउन, लम्पी स्किन फैलिन नदिन जनचेतना बढाउन, खोपको व्यवस्था गर्न, किसानलाई क्षतिपूर्ति दिलाई राहत उपलब्ध गराउन, बिमा कम्पनीलाई समयमै रकम उपलब्ध गराउने प्रक्रिया अगाडि बढाउनुपर्ने भएकाले जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव दर्ता गराइएको प्रस्तावक सांसद कार्कीले जानकारी दिए । गण्डकीका ८५ स्थानीय तहमध्ये ८२ वटामा यो रोग फैलिसकेको छ । प्रारम्भिक प्राप्त तथ्यांकअनुसार २ हजार २८४ गाईवस्तु मरिसकेका छन् । अहिले पनि ३१ हजार ८६४ अहिले पनि बिरामी अवस्थामै छन् । सरकारले काम दिन नसकेको बेला एमालेले जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव दर्ता गरेर सरकारलाई सदनमा ल्याउन खोजेको छासदनलाई प्रभाबककारिबनाउने उपाय एमालेले निकालेको छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : झमेला बड्ने |
| वृष | : मानसिक तनाब | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शारीरिक झमेला | धनु | : मन चञ्चल |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# सरस्वतीलाई अमेरिकामा अवार्ड

**रासस**
काठमाडौं, २५ साउन

अमेरिकी विदेशीमन्त्री एन्थोनी ब्लिकेनले नेपालकी सामाजिक अभियान्ता सरस्वती नेपालीलाई 'ग्लोबल एन्टी रेसिज्म अवार्ड, २०२३' बाट बुधबार सम्मानित गर्नुभएको छ ।

अमेरिकाको विदेश मन्त्रालयमा आयोजित कार्यक्रममा आफ्नो समुदायमा मानव अधिकार र विभेदको विरुद्धमा साहस र वकालत गरेकाले नेपालीलाई उक्त अवार्ड प्रदान गरिएको जनाइएको छ । सरस्वतीले विगत दुई दशकदेखि नेपालमा दलितका विरुद्ध हुने गरेका जाति विभेदविरुद्ध निरन्तर अभियानमा क्रियाशील भएकाले उक्त अवार्ड दिइएको स्टेट डिपार्टमेन्टले जारी गरेको विवरणमा उल्लेख गरिएको छ । सीमान्तकृत, अपाङ्गता, गरिब दलितका निम्ति मानव अधिकार र सामाजिक न्यायका लागि लड्नु भएकी सरस्वतीलाई यो अवार्ड प्रदान गरिएको हो । उहाँसहित ट्युनिसिया, बङ्गलादेश, ब्राजिल, मोल्डोभो र पेरुका सामाजिक अभियान्तालाई पनि सोही अवार्ड प्रदान गरिएको छ । अमेरिकी विदेश मन्त्रालयले प्रदान गरेको उक्त अवार्ड पाउने सरस्वती पहिलो नेपाली हुनुहुन्छ ।

# छ नाल भरुवा बन्दुक बरामद

**रासस**
बागलुङ, २५ साउन

बागलुङमा ६ नाल अवैध भरुवा बन्दुक बरामद गरिको छ । बुधबार हटिया प्रहरी चौकीको टोलीले पाँच थान तथा नरेठाँटी प्रहरी चौकीको टोली एक थान भरुवा बन्दुक बरामद गरेको हो ।

गस्ती गर्ने क्रममा प्रहरीले गलकोट नगरपालिका-१ जनएकता सामुदायिक वनमा एक थान र वडा नम्बर ३ को भगवतीस्थानको ओडारमा बेवारिसे अवस्थामा पाँच नाल भरुवा बन्दुक फेला पारेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक मदन केसीले जानकारी दिनुभयो । बन्दुक कसले र किन राखेको थियो भन्ने विषयमा प्रहरीले अनुसन्धान गरिरहेको छ ।

# तीन वटा चिस्यान गृह निर्माण

**रासस**
बागलुङ, २५ साउन

म्याग्दीमा सुन्तला र मुस्ताङमा स्याउ भण्डारण गरेर बेमौसममा बजारमा आपूर्ति गराउन यस वर्ष २५ हजार किलोग्राम क्षमताको तीन वटा चिस्यान गृह निर्माण गरिएको छ ।

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तरगत म्याग्दीमा एक र मुस्ताङमा दुई वटा चिस्यानगृह निर्माण गरिएको हो । स्याउ र सुन्तलाको व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) कार्यक्रमको सहयोगमा चिस्यानगृह निर्माण गरिएको परियोजनाका कृषि अधिकृत विक्रम बस्यालले बताउनुभयो । "निजी फार्म, कृषक समूह र सहकारीलाई चिस्यानगृह बनाउन कूल लागतको ८५ प्रतिशतसम्म अनुदान दिइएको छ," उहाँले भन्नुभयो, "चिस्यानगृहमा किसानले सुन्तला र स्याउ भण्डारण गरेर बेमौसममा बढी मूल्यमा बेच्नेछन् ।" बेनी नगरपालिका-९ को बियाडमा परियोजनाको रु १० लाख अनुदानमा पाँच हजार किलोग्राम क्षमताको सुन्तला भण्डारण गर्न सकिने चिस्यान गृह निर्माण गरिएको छ । मुस्ताङको घरपझोङ गाउँपालिकाको मार्फामा हाइल्याड एग्रोफार्म र बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको खिङ्गामा जिआर अर्गानिक एग्रो स्याउ फार्ममा १०/१० हजार किलोग्राम क्षमताको चिस्यान गृह निर्माण गरिएको छ । मार्फाको चिस्यानगृह बनाउन रु ११ लाख तीन हजार र खिङ्गामा रु ११ लाख २८ हजार अनुदान दिएको कृषि अधिकृत बस्यालले जानकारी दिनुभयो । वातावरण अनुकूल बनाउन उपकरण जडान भएको चिस्यानगृहमा भण्डारण गर्दा बजार नपाउने समस्या हट्नाका साथै बढी मूल्यमा बिक्री गर्न पाइने बेनी नगरपालिका-९ बियाडाका मधु गिरीले बताउनुभयो । परियोजनाको सहयोगमा आर्थिक वर्ष २०७६/७७ मा पाँच टन क्षमताको एक वटा, २०७७/७८ मा ४२ टन क्षमताको तीन वटा, आर्थिक वर्ष २०७८/७९ मा ३० टन क्षमताको तीन वटा चिस्यान गृह निर्माण भएका थिए ।

यसअघि मुस्ताङको मार्फा, पाण्डाखोला, जोमसोम, चिम्ले, धवाङ र म्याग्दीको नारच्याङमा निर्माण भएका चिस्यानगृह प्रभावकारी बनेका छन् । परियोजनाले मुस्ताङमा स्याउ, च्याङ्ग्रा, म्याग्दीमा बङ्गुर, आलु, म्याग्दी, पर्वत र बागलुङमा सुन्तलाको जोन कार्यक्रम सञ्चालन गरेको छ । गतवर्ष म्याग्दी, पर्वत र बागलुङमा सुन्तला जोनका लागि रु २१ लाख ४२ हजार अनुदानमा निर्माण गरिएका १८ वटा साना सिँचाइ योजनाबाट एक सय २५ रोपनीमा सिँचाइ सुविधा विस्तार भएको थियो । रु आठ लाख पचास हजार अनुदानमा बेनी नगरपालिका-३ मा दुई वटा र पर्वतको जलजला गाउँपालिका-५ मा एउटा सुन्तला नर्सरी स्थापना भएको छ । मुस्ताङमा दुई दशमलव १६ हेक्टर जमिनमा स्याउ खेती विस्तार भएको र म्याग्दीमा दुई हजार दुई सय सुन्तलाका बिरुवा अनुदानमा वितरण गरिएको कृषि अधिकृत बस्यालले जानकारी दिनुभयो ।

## एउटै व्यक्ति भएको सूचना



स्याङ्जा जिल्ला चापाकोट नगरपालिका वडा नं.-३ निवासी भारतिय भू.पू. सैनिक. नं. ०५२४०२०६Y का नायक लेठ बहादुर रानाको श्रीमती धनी कुमारीको नेपाली नागरिकता प्रमाणपत्रमा सोही नामथर भएको र पतिको भारतिय सैनिक रेकर्डमा नाम धन कुमारी मात्र भई फरक फरक नामथर भएता पनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरि दिनु हुन उक्त न.पा वडा नं.-३ को च.न. ५४ मिति २०८०/४/२३ को पत्रबाट लेखि आएकोले सोही व्यहोरा प्रमाणित गरिन्छ ।

# म्याग्दीका छ हजार घरधुरीमा खानेपानीको पहुँच

**पोखरापत्र संवाददाता**
म्याग्दी, २५ साउन

म्याग्दीका छ हजार दुई सय २५ घरधुरीमा खानेपानीको पहुँच विस्तार भएको छ । खानेपानी, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयले जिल्लामा सञ्चालन गरेका खानेपानी आयोजनाबाट खानेपानीको पहुँच पुगेको हो ।

जिल्लामा कार्यालय स्थापना भएको छ वर्षको अवधिमा सञ्चालित खानेपानी आयोजनाबाट ३१ हजार व्यक्ति लाभान्वित बनेका खानेपानी, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयका प्रमुख सुरेन्द्र पौडेलले जानकारी दिनुभयो । आर्थिक वर्ष २०७९/८० मा मात्रै ३२ योजना सञ्चालन गरेकामा पाँच वटा निर्माण सम्पन्न भएका छन् ।

रानीपौवा, धारापानी, ढोलठान, डम्मरा र भगवतीमा सम्पन्न भएका खानेपानी आयोजनाबाट एक हजार ८८ घरधुरीका छ हजार जना लाभान्वित बनेको कार्यालयका इन्जिनियर राजेश उलकले जानकारी दिनुभयो । उहाँका अनुसार, एक वर्षमा एक सय १४ दशमलव ६० किलोमिटर पाइपलाइन जडान गरिएको छ । सोह्र पानी ट्याङ्की निर्माण भएका छन् भने एक हजार ५२ घरधुरीमा खानेपानीको धारा निर्माण भएको छ । विपिटी, सिसी, डिसी र क्रसिङ्लगायतका ५४ वटा पूर्वाधार बनेका छन् ।

गण्डकी प्रदेश सरकारले सञ्चालन गरेको एक घर एक धारा खानेपानी अभियानले म्याग्दीमा तिब्रता पाएको छ । गण्डकी प्रदेशको ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयअन्तर्गत म्याग्दीमा स्थापना भएको यस कार्यालयले जिल्लामा खानेपानीको पहुँच विस्तारको लागि विभिन्न आयोजना सञ्चालन गर्दै आएको छ। गत वर्ष प्रदेश सरकारमार्फत २४ खानेपानी आयोजना सञ्चालन गरेको यस कार्यालयले सङ्घतर्फ जलवायु अनुकूलित बृहत् खानेपानी आयोजनाअन्तर्गत आठ खानेपानी आयोजना सञ्चालन गरेको थियो । तथ्याङ्कअनुसार, हालसम्म ८८ दशमलव पाँच प्रतिशत घरधुरीमा आधारभूत खानेपानीको पहुँच पुगेको म्याग्दीमा अझै पनि १२ प्रतिशत जनसङ्ख्या खानेपानीको जोहो गर्न ३० मिनेटको समय खर्चनुपर्ने बाध्यतामा छन् । "आम नागरिकलाई शुद्ध खानेपानीको पहुँच पुऱ्याउन एक घर एक धारा खानेपानीको अभियान सञ्चालन भएको छ, खानेपानीको मुहानको भरपर्दो स्रोत नहुने र क्रमागत योजनामा बजेट थोरै विनियोजन हुने समस्याले योजनालाई समयमा नै पूर्णता दिलाउन समस्या छ", कार्यालय प्रमुख पौडेलले भन्नुभयो ।

गत आवमा सम्पन्न भएको रघुगङ्गा गाउँपालिका-३ को रानीपौवा खानेपानी आयोजनाबाट एक सय २४ घरधुरीमा खानेपानीको पहुँच विस्तार भएको छ । आव २०७३/७४ बाट सुरु भएको यस आयोजनालाई क्रमागत योजनाको रुपमा अघि बढाएको कार्यालयले कुल तीन ट्याङ्की, सात सय मिटर मुख्य र १७ दशमलव नौ किलोटिमर वितरण पाइपलाइन निर्माण गरेर पूर्णताः दिएको हो । खानेपानी आयोजना निर्माण भएपछि खानेपानीको लागि एउटै धारोमा पालो लगाउनुपर्ने बाध्यता र झण्झट हटेको स्थानीय उमा कार्कीले बताउनुभयो । रघुगङ्गा गाउँपालिका-२ भगवतीमा आव २०७५/७६ देखि सुरु भएको चिमखोला मुहान, दग्नाम पिप्ले भगवती खानेपानी आयोजनाको समेत निर्माण सम्पन्न गरिएको छ । चार वटा ट्याङ्की निर्माण भएको यस आयोजनाबाट चार सय ३२ घरधुरीमा खानेपानीको धारा जडान गरिएको छ ।

धौलागिरि गाउँपालिका-७ धारापानीमा पनि क्रमागत योजनाको रुपमा सञ्चालित खानेपानी आयोजना सम्पन्न भएर तीन सय ५३ घरधुरीमा खानेपानीको पहुँच विस्तार भएको छ ।

आठ हजार पाँच सय मिटर मुख्य र २० किलोमिटर शाखा पाइपलाइन निर्माण भएको यस आयोजनामा दुई वटा ट्याङ्की र दुई वटा विपिटी निर्माण भएको छ। खानेपानीको चरम अभाव रहेको बेनी नगरपालिका-५ ढोलठानमा ढोलनाथ पुलाडाँडा खानेपानी आयोजना सम्पन्न भएर ८६ घरधुरीमा खानेपानीको सुविधा पुगेको छ । यस आयोजनामा दुई वटा ट्याङ्की, एक हजार चार सय मिटर मुख्य र पाँच हजार पाँच सय ६० मिटर वितरण पाइपलाइन निर्माण गरिएको छ । एकाननब्बे घरधुरीमा खानेपानी वितरण हुँदै आएको बेनी नगरपालिका-६ को डम्मरा खानेपानी आयोजनाको ट्याङ्की मर्मत गरिएको छ ।

# चुँदी रम्घालाई साहित्यिक पर्यटकीयस्थल बनाउन पहल

**पोखरापत्र संवाददाता**
दमौली, २५ साउन

नेपाली भाषाका धरोहर आदिकवि भानुभक्त आचार्यको जन्मस्थल चुँदी रम्घालाई साहित्यिक पर्यटकीयस्थल बनाउन स्थानीयले पहल थालेका छन् । भानु नगरपालिका-४ स्थित चुँदीरम्घा ओझेलमा परेपछि यसको प्रचारप्रसारमा स्थानीय जुटेका हुन् ।

राष्ट्रिय विभूति आदिकवि भानुभक्त आचार्यसँग सम्बद्धस्थलको पुनः निर्माण, खोज/अनुसन्धान, प्रवर्द्धन तथा प्रचारप्रसार गरी साहित्यिक पर्यटकीयस्थल बनाउने उद्देश्यले स्थानीयबीच प्रारम्भिक चरणको छलफल सम्पन्न भएको छ। 'चुँदी रम्घा बनाऔँ' अभियानअन्तर्गत भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठी, आदिकवि भानुभक्त जन्मस्थल विकास समितिका कार्यकारी निर्देशक शङ्कर रानाभाटलगायतको सहभागितामा आयोजित छलफलले आदिकविको जन्मस्थललाई साहित्यिक पर्यटकीयस्थल बनाउने अभियानमा सबैको साथ र सहयोग आवश्यक रहेको निष्कर्ष निकालेको छ ।

भानुजयन्तीका दिन मात्रै यस ठाउँको खोजी हुने गरेकामा अब वर्षभरी यहाँको चर्चा हुने/गराउने अभियान सञ्चालन गरी प्रचारप्रसार, पुनःनिर्माणलगायत काममा यहाँका स्थानीय जुटेका अभियान्ता सन्देश आचार्यले बताउनुभयो । उहाँले भन्नुभयो, "आदिकवि भानुभक्त आचार्यको जन्मथलो ओझेलमा परेको महसुस भएपछि स्थानीय एकजुट भएर यसको प्रचारप्रसारमा जुटेका हौँ ।" अभियान्ता आचार्यले विसं २०७८ भदौ ७ गतेदेखि 'चुँदी रम्घा बनाऔँ'अभियान सञ्चालन गर्दै आउनुभएको छ । उहाँका अनुसार यस अभियानअन्तर्गत भानु स्मारकको संरक्षण, सम्बर्द्धन एवं पुनःनिर्माणको तयारी गरिएको छ । स्थानीय, प्रदेश र सङ्घ सरकारसँग सहकार्य गरी थप योजना बनाइने स्थानीय राजीव श्रेष्ठले बताउनुभयो । "चुँदी रम्घालाई साहित्यिक एवं पर्यटकीय थलोको रुपमा विकास गर्नका लागि केही पहलकदमी अगाडि बढाएका हौँ", उहाँले भन्नुभयो, "पहिलो चरणमा भानु स्मारकको काम हुनेछ । त्यसका लागि सबैको सहयोग आवश्यक छ ।" छलफलमा स्थानीय ज्येष्ठ नागरिक हरिनाथ आचार्यले सबैको ऐक्यबद्धताले भानु जन्मथलो पर्यटकीयस्थलको रुपमा विकास हुने बताउनुभयो। भानुनगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीले यस अभियानमा नगरपालिकाको तर्फबाट पूर्ण सहयोग रहने प्रतिबद्धता जनाउनुभयो ।

समितिका कार्यकारी निर्देशक रानाभाटले शिखरकटेरीमा यसै वर्ष भानुघरको पुनःनिर्माण सुरु गरिने जानकारी दिनुभयो । घर पुनःनिर्माणका लागि बजेटको सुनिश्चित नभए पनि समितिकै आन्तरिक कोषबाट काम सुरु गरिने रानाभाटको भनाइ थियो । "कङ्क्रिटको घर बनाउन नसकिए पनि ढुङ्गा, माटोको घर निर्माणका लागि काम सुरु हुन्छ", उहाँले भन्नुभयो, "नगरपालिका, प्रदेश र सङ्घ सरकारलाई पनि यस कार्यमा सहयोगका लागि अपिल गर्छौं ।" पश्चिमाञ्चल विकास मञ्चले भानु गृहनिर्माणका लागि विसं २०७३ चैत २२ मा शिलान्यास गरेको थियो । मञ्चले हालसम्म गृहनिर्माण नगरेपछि समितिले पुनःनिर्माण गर्ने तयारी गरेको कार्यकारी निर्देशक रानाभाटले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "विकास मञ्चको भर पर्दा अपजस मात्रै भयो, अब हामी आफ्नै सक्रियतामा काम सुरु गर्छौं ।" भानुभक्तको घर पुनःनिर्माणपछि यहाँ आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढ्ने स्थानीयले अपेक्षा गरेका छन् । "आदिकवि भानुभक्तको नाममा देश तथा विदेशमा भव्य कार्यक्रम हुन्छ तर गृह जिल्लामै उपेक्षित भयो की भन्ने भान हामीलाई भइरहेको छ", कार्यकारी निर्देशक रानाभाटले भन्नुभयो, "घर पुनःनिर्माण गर्न सकिए यहाँ धेरै पर्यटकको आगमन हुने विश्वास गरेका छौं ।" विसं २०५७ मा समितिको सहयोगमा यादव खरेलले 'आदिकवि भानुभक्त' नामक चलचित्र निर्माणका लागि रू एक लाखमा उक्त घर पुनःनिर्माण गर्नुभएको थियो । जङ्गलको बीचमा रहेको उक्त घरमा विसं २०६१ जेठमा आगलागी हुँदा रू एक लाख २७ हजार बराबरको क्षति भएको थियो ।

गत वर्ष शिखर कटेरीमा पानी र बत्तीको व्यवस्थासहित यहाँ रामायण भवन निर्माण गरिएको भानुभक्त जन्मस्थल विकास समितिले जनाएको छ । समितिका अनुसार पर्यटन मन्त्रालयको रू तीन करोड लगानीमा रामायण भवन निर्माण गरिएको हो ।

# टल्कने ढुङ्गा 'क्वार्ज क्रिष्टल' नै भएको भूगर्भ विभागको पुष्टि

**रासस**
गोरखा, २५ साउन

गोरखा नगरपालिका-७, सतिपिपलबाट बरामद गरी विशेष सुरक्षाका साथ जिल्ला प्रहरी कार्यालयमा राखिएको टल्कने ढुङ्गा 'क्वार्ज क्रिष्टल' भएको खानी तथा भूगर्भ विभागले पुष्टि गरेको छ।

विभागबाट गोरखा आएको भूगर्भविद्को टोलीले दुईदिन लगाएर गरेको परीक्षणबाट उक्त टल्कने ढुङ्गा 'क्वार्ज क्रिष्टल' नै भएको पुष्टि गरेको हो। ढुङ्गाको परीक्षण गरी विभागको टोलीले जिल्ला प्रशासन कार्यालय गोरखालाई परीक्षण प्रतिवदेन बुझाएको भूगर्भविद् डा सुस्मिता भण्डारीले जानकारी दिनुभयो। "परीक्षणबाट उक्त ढुङ्गा महत्वपूर्ण र बहुमूल्य रत्नपत्थर (क्वार्ज क्रिष्टल) भएको पाइयो, उहाँले भन्नुभयो, "संसारभरका धातुलाई कडापनका आधारमा १० भागमा वर्गीकरण गरिन्छ, सोही आधारमा बरामद गरिएको ढुङ्गा सातौँ नम्बरमा पर्छ।"

भूगर्भविद्को टोलीले टल्कने ढुङ्गाको नापतौल लिनुका साथै अन्य विभिन्न प्राविधिक पक्षबारे पनि परीक्षण गरेको भूगर्भविद् डा भण्डारीले जानकारी दिनुभयो। कडापनका आधारमा हीरा १० औं नम्बरमा पर्ने उहाँको भनाइ छ। टोलीले गरेको परीक्षणका क्रममा उक्त ढुङ्गाको तौल ५२ किलो तीन सय ३० ग्राम रहेको पाइएको छ। यति ठूलो तौलको भएको एउटै चट्टानका भेट्टाउनसमेत गाह्रो पर्ने भूगर्भविद् डा भण्डारीले जानकारी दिनुभयो।

'क्वार्ज क्रिष्टल' मुख्यरुपमा सजावटका सामग्री तथा गरगहना बनाउन प्रयोग हुने गरेको भूगर्भविद् डा भण्डारीको भनाइ छ। त्यस्तै रेडियो ट्रान्समिटर, कम्प्युटर, घडीलगायतका अन्य विद्युतीय उपकरणमा पनि क्वार्ज क्रिष्टलको आंशिकरुपमा प्रयोग हुने उहाँले जानकारी दिनुभयो।

टल्कने ढुङ्गाको परीक्षण सम्पन्न गरेपछि विभागको टोलीले बुधबार जिल्ला प्रशासन कार्यालयमा गोरखा नगरपालिकाका प्रमुख कृष्णबहादुर राना, प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसाल र प्रहरी उपरीक्षक (एसपी) अनुपम श्रेष्ठलाई परीक्षणपछिको अध्ययन प्रतिवेदन बुझाएको हो। जिल्ला प्रशासन कार्यालय गोरखाले टल्कने ढुङ्गाको नमूना परीक्षणका लागि खानी तथा भूगर्भ विभागलाई पत्राचार गरेपछि विभागले भूगर्भविद् डा भण्डारी र दुर्गा बोलाखेको टोली गोरखा पठाएको थियो। अध्ययन टोलीले बरामद गरिएको 'क्वार्ज क्रिष्टल' खानी तथा भूगर्भ विभागलाई उपलब्ध गराउन पनि प्रतिवेदनमार्फत सुझाव दिएको छ। खानी तथा खनिज पदार्थ ऐन २०४२ को दफा २५ को उपदफा १ अनुसार खनिज कार्यगर्ने अनुमति नलिई उत्खनन् तथा सङ्कलन गरिएकाले उक्त पत्थर विभागलाई उपलब्ध गराई सहयोग गर्न पत्रमाफृत आग्रह गरिएको छ। गएको असार १४ गते प्रहरीले उक्त टल्कने ढुङ्गा सतिपिपलस्थित स्थानीयवासी राममाया शाहीको घरबाट बरामद गरेको थियो। टल्कने ढुङ्गा वर्षौंदेखि शाही परिवारले घरमा राखेर पूजा गर्दै आएको पाइएकाले उक्त ढुङ्गा गोरखकाली मन्दिर या गोरखनाथ मन्दिर परिसरमा राख्न गोरखाका विभिन्न सङ्घसंस्थाले प्रशासनसँग माग गर्दै आएका छन्। टल्कने ढुङ्गा ऐतिहासिक महत्वको भएको हुनसक्ने भन्दै गोरखा दरबार परिसरमा प्रणप्रतिष्ठा गरी व्यवस्थापन गनुपर्नेमा सङ्घसंस्थाको जोड छ। पूजाआजा र धर्मकर्ममा प्रयोग गरिरहेको बल्ने शिला कुनै पनि बहानामा गोरखा जिल्ला बाहिर नपठाई मूलधनीको इच्छाअनुसार गोरखकाली र गोरखनाथको पवित्र भूमिमा राख्नुपर्ने स्थानीयवासीको पनि भनाइ रहेको छ। गोरखा नगरपालिका प्रमुख कृष्णबहादुर रानामगरले विभागको टोलीसँगको भेटमा ऐतिहासिक र धार्मिक हिसाबले उक्त पत्थरलाई गोरखामै राख्ने व्यवस्था मिलाउन आग्रह गर्नुभयो। उहाँले टल्कने ढुङ्गा गोरखामा राख्नका लागि नगरपालिकाले सरकारलगायतका अन्य सम्बन्धित निकायसँग आवश्यक समन्वय गर्नेसमेत बताउनुभएको छ।

# म्याग्दीमा आलुले बजार पाएन

**पोखरापत्र संवाददाता**
म्याग्दी, २५ साउन

म्याग्दीमा उत्पादित आलुले बजार नपाउँदा किसान समस्यामा परेका छन्। पश्चिम म्याग्दीका मालिका, मङ्गला र धौलागिरि गाउँपालिकाका प्रत्येक व्यक्तिको घरमा यतिबेला खनेको आलु थुपारिएको छ। बारीमा पनि आधाभन्दा बढी आलु खन्न बाँकी छ। अहिलेसम्म कतैबाट पनि आलुको माग नआएको किसानले बताएका छन्।

जिल्लाका लेकाली क्षेत्रमा फलेका वर्षे स्वादिष्ट आलु बिक्री नहुँदा किसान मारमा परेका हुन्। यस ठाउँमा मकैपछिको दोस्रो प्रमुख बालीका रूपमा उत्पादन हुने आलुले बजार नपाउँदा आलु कुहिन्छ कि भन्ने पिरले आफूहरूलाई सताएको मालिका-२ रुमकी टेकसरा बूढाले बताउनुभयो। म्याग्दीबाट निकासी हुने प्रमुख कृषिउपज आलुको उत्पादन यस वर्ष बढेको छ। गत वर्षको तुलनामा छ दशमलव ३६ प्रतिशतले आलुको उत्पादन बढेको कृषि ज्ञान केन्द्रले जनाएको छ। आलुको उत्पादन बढे पनि बिक्री हुन नसक्दा समस्या भएको किसानको गुनासो छ।

विगतका वर्षहरुमा जिल्लामा उत्पादित आलुमध्ये ७० प्रतिशत अथवा एक हजार मेट्रिक टनभन्दा बढी आलु निकासी हुने गरेको कृषि ज्ञान केन्द्र म्याग्दीको तथ्याङ्क छ। प्रतिकिलो रु ५० देखि रु एक सय सम्ममा कृषकले आलु बेच्ने गरेका थिए। व्यापारीले अग्रिम पेस्की दिएर बारीमा नखन्दै आलु खरिद गर्ने गर्दथे तर यस वर्ष भने प्रतिकिलो रु ३५ मा आलु दिँदा पनि बिक्री हुन नसकेको मङ्गला-४ का तीर्थबहादुर पुनले बताउनुभयो। जिल्लामा हाल स्थानीय सेतो, रातो जातको आलु, नीलो, कार्डिनल र एमएस ४२ नामक आलु उत्पादन हुने गरेको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत रघुगङ्गा-६, ७ र ८ र अन्नपूर्ण-५, ६, ७ र ८ नं वडामा गत आर्थिक वर्षदेखि व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) कार्यक्रम सञ्चालन गरेको छ। केन्द्रका बाली संरक्षण अधिकृत सञ्जीव बास्तोलाले यस वर्ष जिल्लाभर एक हजार छ सय ५० हेक्टर जमिनमा आलु खेती भएकामा २५ हजार चार सय १० मेट्रिक टन उत्पादन भएको जानकारी दिनुभयो। "अघिल्लो वर्ष एक हजार एक सय ४५ हेक्टर जमिनमा आलु खेती भएकामा २३ हजार सात सय ९३ मेट्रिक टन उत्पादन भएको थियो", उहाँले भन्नुभयो, "क्षेत्रफल विस्तारसँगै आलुको उत्पादन पनि बढेको हो।" यस वर्ष धेरै उत्पादन भए पनि बजारमा पठाउन नसक्दा आफूहरू समस्यामा परेको मालिका-४ देवी स्थानकी कृष बूढाले बताउनुभयो। अहिले आलु बजारमा बिक्री नहुँदा र घरमा पनि राख्ने ठाउँ नहुँदा बारीमै प्लाष्टिकले छोपेर राख्नुपर्ने बाध्यता रहेको कृषक बूढाको भनाइ थियो। बर्खाको समय भएका कारण पानी पर्ने भएकाले बारीमै प्लाष्टिकले छोपेर आलु राख्दा पानी परेर कुहिन सक्ने र बारीमै खुलारूपमा राखेको आलुको स्वाद पनि बिग्रने उहाँले बताउनुभयो। "अहिले मालिका गाउँपालिकाको सबै ठाउँमा आलु खन्ने काम धमाधम चलिरहेको छ", उहाँले भन्नुभयो, "आलु खनेर बारीमा थुपारेका छौँ, वर्षाका कारण सडक अवरुद्ध हुँदा उत्पादन भएको आलु जिल्ला सदरमुकाम बेनी बजारसम्म पुऱ्याउन सकेका छैनौँ।" स्थानीय तहले आलु खेतीको पकेट क्षेत्र, कृषि ज्ञान केन्द्रले बल्क र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले आलु जोन कार्यक्रममार्फत आलु खेती विस्तार गरेका छन्। कृषि ज्ञान केन्द्रमार्फत पाँच सय रोपनी जमिनमा आलु खेतीको कार्यक्रम सञ्चालन गरिएको थियो। अन्नपूर्ण गाउँपालिको शिख, घार, राम्चे र हिस्तान, रघुगङ्गाको पाखापानी, ठाडाखानी, चिमखोला र कुइनेमङ्गले, कुइने मङ्गलाको हिँदी, झाँक्रीपानी, किमचौर र टोड्के, मालिकाको बिम र दिच्याम, धौलागिरिको गुर्जा र मरेनी तथा बेनीको भकिम्ली र डडुवा आलु उत्पादन हुने पकेट क्षेत्र हुन्। नागी राम्चेबाट वार्षिक रु दुई करोड मूल्य बराबरको आलु निकासी हुने गरेको छ। उच्च पहाडी क्षेत्रको चिसो हावापानीमा उत्पादन भएको आलु पोखरा, काठमाडौँलगायत बजार क्षेत्रमा निकासी हुँदै आएको छ। जिल्लाबाट वार्षिक रु छ करोडभन्दा बढी मूल्यको आलु निकासी हुने केन्द्रको तथ्याङ्क छ। कृषि ज्ञान केन्द्रमार्फत यसअघि रघुगङ्गा-८ कुइनेमङ्गले र मङ्गला-३, ४ र ५ मा आलुको व्यावसायिक उत्पादन केन्द्र सञ्चालन भएको थियो। मालिका-६ दिच्याम र ७ बिमलाई आलु बल्क कार्यक्रममा समावेश गरिएको छ।

# काठका सामग्रीको प्रयोग घट्दै

**पोखरापत्र संवाददाता**
बागलुङ, २५ साउन

बागलुङको बलेवाबाट दारका ठेका, ठेकी, मदानी, धुपौरा, चम्ठो, पुछैलगायतका सामान बोकेर म्याग्दीको दरबाङ आउनुभएका टीकाबहादुर चुँदारा बिक्रीका लागि ल्याएको एउटा सामान पनि बिक्री नभएपछि निरास हुँदै बागलुङ फर्किनुभयो।

कलात्मकरुपमा कुँदेर बनाइएका काठका सामग्रीको प्रयोग घट्दै गएपछि यो पेसामा लागेका व्यवसायी सङ्कटमा पर्न थालेका छन्। व्यवसाय नै परिवर्तन गर्ने अवस्था आइलागेको टीकाबहादुर चुँदाराले बताउनुभयो। काठका भाँडाकुँडा र सामग्री बनाउन प्रयोग गरिने दारलगायतका रुख र काठको अभाव खेपिरहेका बेला यसको प्रयोग नै घट्दै गएपछि व्यवसायी सङ्कटमा परेका उहाँको भनाइ छ। वर्षौंदेखि काठ कुँद्ने पेसा गर्दै आउनुभएका चुँदारा काठ कुद्ने पेसाबाट पलायन हुनुपर्ने अवस्था आएको बताउनुहुन्छ। १०/१२ वर्षको उमेरदेखि बाबुबाजेले अँगाल्दै आएको पेसा आफूले पनि सम्हालेको बताउने चुँदारा ६० वर्ष उमेर पुगुञ्जेलसम्म पनि यही पेसालाई निरन्तरता दिइरहनुभएको छ। यतिञ्जेलसम्म यही पेसाबाट गुजारा चलेको भए पनि अब भने काठका सामान बिक्री हुनै छाडेकामा उहाँलाई चिन्ता लागेको छ। कुनै समय थियो, गोठमा रहेका पशुधन र ठेकी हेरेर त्यस घरको हैसियत आँकलन गरिन्थ्यो। ती सबै साधन रैथाने सीप प्रयोग गरेर जङ्गलका काठबाट बनाइन्थ्यो। तर, समय फेरियो। मही पार्ने चलन हराउँदै गयो। गाउँघरमा कतै कतै मही पारे पनि प्लाष्टिकका ठेकीको प्रयोग हुन थाल्यो। रैथाने काठका सामग्रीलाई आयातित प्लाष्टिकका सामग्रीले विस्थापित गऱ्यो। दश पाथे काठको ठेकीमा घ्वार्... घ्वार्.. गर्दै मही पारेको दृश्य पछिल्लो समय दुर्लभ हुन थालेको छ। ठेकी र मदानीले दही मथेर मही पार्ने र घट्घटी पिउने चलन पनि हराउँदै गएको छ। काठबाट ठेकाठेकी बनाउन चुँदारा नै सिपालु हुन्छन्। ठेकी कुद्ने कामलाई गाउँघरमा चुदारा पेसा भन्ने गरिन्छ। उहाँले बनाएका काठका सामग्री बागलुङ, पर्वत, म्याग्दी र मुस्ताङका विभिन्न ठाउँमा बिक्री हुने गरेकामा पछिल्लो समय बिक्रीमा कमी आएको उहाँको भनाइ छ। दश पाथी जाने एउटा दारको ठेकोलाई रु १२ देखि रु १५ हजारसम्म पर्ने उहाँ बताउनुहुन्छ। केही वर्षअघिसम्म काठका सामान बनाएर मासिक २५/३० हजार रुपैयाँसम्म आम्दानी गर्ने चुँदारा पछिल्लो समय मेला पर्वजस्ता विशेष अवसरमा पनि काठका सामग्री बिक्री हुन छोडेका बताउनुहुन्छ। अहिले मुस्किलले मासिक पाँच/सात हजार रुपैयाँ मात्र कमाइ हुने गरेको बताउँदै उहाँले भन्नुभयो, "प्लाष्टिकका सामग्रीले बजार लिएपछि रैथाने सामग्रीको बिक्री हुन छाड्यो, अब त दुःख पनि उठ्दैन।"

बजारमा काठका सामानको बिक्री घट्दै जानु र गाउँघरमा यस्ता सामान बनाउने काठको अभाव हुनुले पनि परम्परागत काठका सामग्री बनाउन समस्या हुने गरेको छ। मेहनत धेरै लाग्ने र फाइदा कम हुने भएकाले पनि यो पेसा विस्थापित हुँदै गएको दरबाङका व्यवसायी सन्तनाथ सुवेदीले बताउनुभयो।

विशेष गरेर काठका ठेकाठेकी, मदानी, धुपौरा, चम्ठो (तेल राख्ने भाँडो), पुछै (रक्सी खाने भाँडो), खुर्पेटोलगायतका समान बनाउने गरेका चुँदाराले यी सामान बनाउन दारगिठो, गुराँस, भलाय र काप्राको काठ प्रयोग गर्ने हुने जानकारी दिनुभयो।

# 'बर्थिङ सेन्टर'ले सहज बन्दैछ प्रसूति

**पोखरापत्र संवाददाता**
बागलुङ, २५ साउन

सदरमुकाम बागलुङ बजारमा एकमात्रै सरकारी अस्पताल छ भने कुश्मीशेरा, गलकोट र बुर्तिबाङमा प्राथमिक स्वास्थ्य केन्द्र छन्। भौगोलिक अवस्थाका कारण यहाँका गर्भवतीलाई सुत्केरी हुने समयमा नजिकैमा 'बर्थिङ सेन्टर' नहुँदा सधैँ सास्ती हुने गरेको थियो।

स्थानीय, प्रदेश र सङ्घ सरकारअन्तर्गतका कार्यालय र सामाजिक संस्थाको सहकार्यमा बागलुङमा ३६ 'बर्थिङ सेन्टर' सञ्चालनमा आएका छन्। पछिल्लो छ वर्षमा दश स्थानीय तहका ३६ स्वास्थ्य संस्थामा बर्थिङ सेन्टर विस्तार गरिएपछि प्रसूति सेवा सहज बन्दै गएको छ। ग्रामीण स्वास्थ्य सुधार परियोजना, बिवाइसी बागलुङ र फेयरमेड फाउण्डेसनले तीनै तहका सरकारसँगको सहकार्यमा जिल्लामा सेन्टर विस्तार गरेका हुन्।

"स्थानीय तह गठनपछि आमा र बच्चाको सुरक्षामा ध्यान पुगेको छ। साझेदार संस्थाले सक्रियताका साथ सहयोग गरिरहेकाले स्थानीय तहमा बर्थिङ सेन्टरका लागि संरचना र जनशक्ति तयार गर्न सफल भयौँ", विवाइसी बागलुङका अध्यक्ष मणिभद्र शर्माले भन्नुभयो, "छ वर्षको अवधीमा प्रसूतिका लागि आवश्यक स्वास्थ्य सामग्रीसहित लिएर पुगेका ठाउँमा प्रभावकार रुपमा सेन्टर सञ्चालन भएका छन्।" "भूगोलका कारण अस्पताल र स्वास्थ्य केन्द्रमा पुग्न कठीन हुने हुँदा कयौँ गर्भवतीको सुत्केरी हुन नसकेर ज्यान गएका घटना छन्", उहाँले भन्नुभयो, "नजिकैका स्वास्थ्य संस्थामा 'बर्थिङ सेन्टर' नभएकाले गर्भवती, सुत्केरी र नवजात शिशुको स्वास्थ्य जोखिममा हुने गरेकामा अब भने प्रसूति सेवा केही सहज बन्दै गएको छ।" परियोजनाले जिल्लाका केहीमा बच्चाको धड्कन नाप्ने मेसिन, चारमा भिडियो एक्सरे मेसिन र १७ स्वास्थ्य संस्थामा प्रयोगशाला उपलब्ध गराएको जनाएको छ। "सरकारले योजना नबाएर काम गर्न नसक्दा अझै पनि सहयोगी गैरसरकारी संस्थाको साथ खोजिरहनुपरेको छ", जिल्ला समन्वय समिति बागलुङका प्रमुख अमर थापाले भन्नुभयो, "स्रोतसाधनको परिचालनमा सरकारनै जिम्मेवार भएर लाग्नुपर्छ, सहयोगी संस्थाको साथ आवश्यक छ।" उहाँले सरकारको ध्यान नपुगेको ठाउँमा परियोजनाले ध्यानाकर्षण गराएको बताउनुभयो। स्थानीय सरकारसँग इच्छाशक्ति भएर पनि स्रोत नहुने र प्रदेश तथा सङ्घ सरकारसँग चरणबद्ध विकासको योजना नभएकै कारण अझैपनि स्वास्थ्य क्षेत्रमा समस्या रहेको उहाँको भनाइ थियो। जिल्लाभर स्थापना भएका 'बर्थिङ सेन्टर', प्रयोगशाला र 'गाउँघर खोप क्लिनिक'जस्ता योजनाअन्तर्गत बनेका संरचनाले स्वास्थ्य सुधारमा सहयोग पुऱ्याउने प्रमुख थापाले बताउनुभयो। परियोजनामार्फत् छ वर्षमा जिल्लाभर २० प्रसूति प्रतिक्षाघर, १८ गाउँघर खोप क्लिनिकका लागि भवन तयार भएको फेरमेड फाउण्डेसनका कार्यक्रम संयोजक गणेश बरुवालले बताउनुभयो। उहाँका अनुसार परियोजनाले 'बर्थिङ सेन्टर' स्थापना र स्तरोन्नति, स्वास्थ्य उपकरण मर्मतलगायत क्षेत्रमा काम गर्दै आएको छ। यहाँ सञ्चालित बर्थिङ सेन्टरका कारण प्रसूति सेवा सहज बन्दै गएको स्थानीय बताउँछन्।

# प्राधिकरणले रोक्यो सिम्रिक एयरको सबै उडान

**रासस**
काठमाडौं, २५ साउन

नेपाल नागरिक उड्डयन प्राधिकरणले सिम्रिक एयरका सबै उडानमा रोक लगाएको छ। प्राधिकरणलाई तिर्नुपर्ने रु ४६ लाख नतिरेकाले भोलि शुक्रबारदेखि कम्पनीका सबै हेलिकोप्टरको उडान रोक्ने निर्णय गरिएको प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलले राससलाई जानकारी दिनुभयो। प्राधिकरणको टोलीले गरेको वित्तीय अडिटबाट सिम्रिक एयरको वित्तीय अवस्था पनि कमजोर देखाएकाले सम्भावित सुरक्षा जोखिमलाई मध्यनजर गर्दै उडान रोकिएको उहाँको भनाइ छ। "सिम्रिक एयरको वित्तीय अवस्थाका कारण पाइलट तथा कर्मचारीको पारिश्रमिक नै नपाउने अवस्था हुनु उडान सुरक्षाका दृष्टिकोणले गम्भीर मानिन्छ, त्यसैले प्राधिकरणले सिम्रिक एयरका सबै हेलिकोप्टरको उडानमा रोक लगाइएको हो", सूचना अधिकारी भूलले भन्नुभयो

# काठको पुलले सहज बनायो यात्रा

**पोखरापत्र संवाददाता**
बागलुङ, २५ साउन

बागलुङको ताराखोला गाउँपालिका-४ नागबेली खोला हुँदै म्याग्दी जोड्ने मोटरबाटो निर्माण भएको वर्षौं बित्यो। तर अहिलेसम्म पक्की मोटरेवल पुनःनिर्माण हुनसकेको छैन। मोटरेवल पुल निर्माण नहुँदा ताराखोला र म्याग्दीका हजारौँ नागरिक जोखिम मोलेर यात्रा गर्न बाध्य थिए।

हिउँदमा यातायातका साधान सहजै वारपार गर्न सके पनि बर्खामा पानीको बहाव बढ्दा सिधा यात्रा हुन सक्दैनथ्यो। बर्खा लाग्ने वित्तिकै गाडी रोकिन्थे। तर अहिलेको बर्खामा भने गाडी नियमित सञ्चालन भइरहेका छन्। गाउँपालिकाको लगानी र स्थानीयवासीको जनश्रमदानबाट अहिले दोगाडीघाटमा अस्थायी मोटरेवल पुल बनेको छ। अस्थायी मोटरेवल पुल निर्माण भएपछि सवारी साधनको ओहोरदोहारमा सहजता भएको छ। १० वर्ष अगाडि निर्माण भएको मोटरबाटोमा यस वर्षको बर्खामा गाडी गुड्न थालेपछि स्थानीयवासी हर्षित भएका छन्। असारको सुरुवातदेखि नै खोला बढेपछि करिब चार महिना यातायात सञ्चालन हुँदैनथ्यो। बर्खामा गाडी नचल्दा स्थानीयवासीले निकै समस्या झेल्दै आएका थिए। अस्थायी पुलले ताराखोला र म्याग्दीका नागरिकको दैनिकीसमेत फेरिन थालेको स्थानीयवासी व्यवसायी रणबहादुर रोकाले बताउनुभयो। उहाँले पुल नहुँदा गाउँमा उत्पादन भएका कृषिजन्य वस्तु बजारीकरण गर्न र बजारबाट सामान ढुवानी गर्न समस्या भएको स्मरण गर्दै अहिलेको बर्खामा सहज भएको बताउनुभयो। पुलका नबन्दा वर्षौंदेखि व्यवसाय सञ्चालन गर्दा धेरै सास्ती खेप्दै आएको सुनाउँदै अहिले बर्खामा पनि बजारबाट सामान ल्याएर बेचेको बताउनुहुन्छ। "पुल बनेपछि अहिले धेरै सजिलो भएको छ, पहिले-पहिले त केही समान बोकेर ल्याउनु पर्दा करिब दुई घण्टा लाग्थ्यो, गाडी चल्न सक्दैथे, यहाँ त आलु राम्रो उत्पादन हुने, यही सिजनमा खन्ने हुँदा बजारीकरण गर्न पनि सकिदैनथ्यो, समयमा बजारमा पुऱ्याउन नसक्दा आलु कुहिएर नोक्सान व्यहोर्नु पर्थ्यो," व्यवसायी रोकाले भन्नुभयो "अहिले त चाहिएको सामान समयमै बजारबाट ल्याएर बेच्न पाइएको छ, यहाँ उत्पादन भएका आलु लगायतका कृषिजन्य सामान पनि निर्यातमा सहज भएको छ।" गाउँ-गाउँमा मोटरबाटो पुगे पनि पुल नबन्दा वर्षौंदेखि स्थानीयवासी मारमा पर्दै आएका थिए। अस्थायी पुल निर्माण भएपछि अहिले गाउँसम्म गाडी पुग्ने गरेको स्थानीय सतिसबहादुर भण्डारीले बताउनुभयो। गाउँगाउँसम्म सवार िसाधन जान नसक्दा बिरामीलाई अस्पताल पुऱ्याउन र सामान ढुवानीमा समस्या भएको भन्दै दोगाडी घाटमा पुल बनेपछि धेरै सहज भएको उहाँको भनाइ छ। पुलको अभावमा स्थानीयवासीले झेल्नुपरेको समस्याका बारेमा गाउँपालिकाका अध्यक्षसँग बारम्बार जानकारी गराएपछि अहिले पुल निर्माण भएको स्थानीय भण्डारीको भनाइ छ। "पुल नहुँदा यात्रा गर्नै कठिन भयो, वर्षौंदेखि ज्यान हत्केलामा राखेर यात्रा गर्दै आएका थियौँ, अहिले अस्थायी भए पनि पुल बन्यो, पुल निर्माणका लागि सरोकारवाला निकायलाई धेरै पटक आग्रह गऱ्यौँ, अहिले पुल बन्यो," उहाँले भन्नुभयो-"गाउँपालिकाले अस्थायी पुल निर्माणको लागि बजेट व्यवस्था गरीदिनु भयो र स्थानीयको जनश्रमदानबाट पुल बनाउन सफल भएका छौँ, अहिले गाडी नियमति चलेका छन्।" पुल निर्माण समितिका अध्यक्ष कोखबहादुर रोकाले ताराखोला गाउँपालिकाले विनयोजन गरेको सात लाख ५० हजार र स्थानीयवासीको करिब ५० प्रतिशत जनसहभागिताबाट पुल निर्माण भएको जानकारी दिनुभयो। गाउँपालिकाबाट प्राप्त भएको रकमले आवश्यक समग्री खरिद गरेको र अन्य काम जनश्रमदानबाट भएको उहाँको भनाइ छ। पुल निर्माणका लागि यहाँका एक सय पाँच घरधुरीका स्थानीयवासीले आठ दिनसम्म जनश्रम गरेको अध्यक्ष रोकाले बताउनुभयो।

नौ मिटर लामो र चार मिटर चौडाइ रहेको अस्थायी पुलमा दुवैतर्फ आठ फिट ढलाल वाल उठाइएको छ, भने फलामका चार वटा च्यानल प्रयोग गरी त्यसमाथि काठ राखेर पुल निर्माण गरिएको छ। पुल निर्माणपछि नागबेली खोलाका विभिन्न स्थानमा सवार िसाधन आवतजावत गर्न भइरहेको उहाँको भनाइ छ। दोगाडीघाटबाट नागबेलीखोला हुदै म्याग्दीको मङ्गला गाउँपालिकासम्मको यात्रा पनि सहज भएको रोकाले बताउनुभयो। "ढिलै भए पनि नागबेली खोलामा पुल निर्माण गऱ्यौँ, यसले हाम्रो ताराखोला गाउँपालिकासँगै म्याग्दीको मङ्गला गाउँपालिकाका स्थानीयलाई पनि यात्रा गर्न सहज हुने भएको छ, पुल बन्दा यहाँका धेरै स्थानीयवासी खुसी भएका छन्, असारदेखि यातायात बन्द हुन्थ्यो, दसैं बेला मात्रै अलिअलि खुल्थ्यो," अध्यक्ष रोकाले भन्नुभयो, "मान्छे घण्टौँ लगाएर पैदलयात्रा गर्न बाध्य थिए, तर यसपाली पुल बनेपछि निरन्तर गाडी चलिरहेका छन्, यसले हामीलाई धेरै सहज बनाएको छ, समय-समयमा मर्मत सम्भार त गर्नुपर्छ, पक्की पुल नबन्दासम्म यसले यात्रालाई सजिलो मनाउने नै छ।"